राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)
**२०७२ कार्तिक १८ गते**

## भूकम्प पीडितहरुको लागि तत्काल आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण

गत बैशाख १२ तथा त्यसपछिका भूकम्प प्रभावितहरुको आवास, स्वास्थ्य, शिक्षा र जीवनयापन सम्बन्धी अधिकार अझै पनि पुर्नस्थापित हुन नसकेकोमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघसङ्गको सहकार्यमा भूकम्प अति प्रभावित भनी नेपाल सरकारले घोषणा गरेका जिल्लाहरुमा घुम्ती शिविर स्थापना गरी प्रभावित क्षेत्रमा निरन्तर अनुगमन गरिआएको छ । आयोगको अनुगमनमा जाडो मौसम, इन्धन अभाव, महंगी, कालाबजारी र उपभोग्य सामानको अभावका कारणबाट भूकम्प प्रभावितहरुको मानव अधिकारको स्थिति दिनप्रतिदिन नाजुक बन्दै गइरहेको पाइएको छ । तसर्थ भूकम्प पीडितहरुको मानवीय समस्याको निराकरणका लागि तत्काल आवश्यक प्रबन्ध गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

आयोगको घुम्ती शिविरको टोलीले अझै पनि कयौं व्यक्तिले भूकम्प पीडित परिचयपत्र नपाएको, टहरा तथा पालमै जीवन निर्वाह गर्नु परेको र तत्कालीन राहत स्वरुप प्राप्त हुने भनिएको १५ हजार नपाएको जस्ता तथ्यहरु आफ्नो प्रतिवेदन मार्फत आयोगको जानकारीमा आएको छ । प्राप्त प्रतिवेदनहरुमा मधेसकेन्द्रित राजनीतिक दलको आन्दोलनले गर्दा खाद्यान्न, लत्ताकपडा, औषधि जस्ता अत्यावश्यकीय सामग्रीको अभाव हुँदै गएबाट मानव जीवन नै कष्टकर बन्नुका साथै इन्धनको अभाव देखाउँदै विपत् व्यवस्थापनमा क्रियाशील संघसंस्था एवं निकायहरू निष्क्रिय हुनुपर्दा समस्या झन जटिल भएको छ । आवश्यक उपभोग्य सामग्रीको अभावमा गरीबीको रेखामुनि रहेका भूकम्पपीडितको अवस्था झनै दयनीय रहेको पाइएको छ ।

पछिल्लो समय जाडोयामको सुरुवातसँगै गत हप्ता परेको पानी एवं रसुवा, गोरखा लगायतका हिमाली जिल्लामा भएको हिमपातले भूकम्पीडितको दैनिकी अझै सकसपूर्ण भएको आयोगको अनुगमनबाट देखिएको छ । अझैसम्म पनि कतिपय पीडितहरू खुल्ला आकाशमुनि सामान्य पालमा बस्न बाध्य भएको, पातलो त्रिपाल वा अस्थायी टहरामा रहँदा विशेषगरी सुत्केरी, गर्भवती महिला, वृद्धवृद्धा, बालबालिकालाई चिसोका कारण रुघाखोकी लाग्ने, ज्वरो आउने जस्ता स्वास्थ्यसम्बन्धी समस्या देखापर्न थालेको अनुगमनका क्रममा पाइएको छ । विद्यालय जाने बालबालिकाहरू न्यानो कपडाका अभावमा कठ्याङ्ग्रिदै विद्यालय जान बाध्य भएका छन् ।

पुनर्निर्माण सम्बधी विधयेकलाई अविलम्व अन्तिम रुप दिइ प्राधिकरण गठन गर्न आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । बालबालिका, महिला, जेष्ठ नागरिक र अपागंता रहेका व्यक्तिहरुलाई जाडोबाट बचाउन तत्काल राहत सामाग्रीको आवश्यकता रहेकोले सरकार तथा नेपालस्थित राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थालाई सहयोगका लागि अनुरोध गर्दछ ।

.............................
सूर्यबहादुर देउजा
निमित्त सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org